# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, भदौ ४ गते २०३१ साल [अतिरिक्ताङ्क २१

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको देहायबमोजिमको महान्यायाधिवक्ता (सेवा शर्त) (तेश्रो संशोधन) नियमावली, २०३१ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको ।

### महान्यायाधिवक्ता (सेवा शर्त) (तेश्रो संशोधन) नियमावली, २०३१

महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ७९ को उपधारा (३) बमोजिम श्री ५ बाट देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "महान्यायाधिवक्ता (सेवा शर्त) (तेश्रो संशोधन) नियमावली, २०३१" रहेको छ ।

(२) यो नियमावलीको नियम २ र ३–२०३० साल श्रावण १ गतेदेखि र नियम ४ तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. <u>मूल यियमावलीको नियम २ मा संशोधनः</u>– मूल नियमावलीको नियम २ मा रहेको "सत्तसय" भन्ने शब्दको सट्टा "एकहज्जार नौ सय पचपन्न" भन्ने शब्द राखिएको छ ।

३. <u>मूल नियमावलीमा नियम २ क. थपः</u>– मूल नियमावलीको नियम २ पछि देहायको नियम २ क. थपिएको छ :–

"२ क. <u>सञ्चयकोषः</u>– श्री ५ को सरकारले महान्यायाधिवक्ताको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चयकोष कट्टा गरी सो कट्टी रकममा शत प्रतिशत थप गरी सञ्चयकोषमा जम्मा गरिदिनेछ ।"

४. <u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u>– मूल नियमावलीको नियम ७ को उपनियम (२) मा रहेको "पन्ध्र" भन्ने शब्दको सट्टा "छ" भन्ने शब्द राखिएको छ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।